जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २२६ २०७९ साल चैत २७ गते सोमबार (10 Apr. 2023 Monday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।
जनहीतका लागि

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : उद्योग वाणिज्य महासंघको वरिष्ठ.. ३ पृष्ठमा : विकासमा सबैको अधिकार ... ३ पृष्ठमा भारतमा पछिल्लो २४ घण्टामा...

# सप्तरीमा बढ्दो आत्महत्याका घटना

## घरायसी विवादका कारण दुई महिला र एक नाबालकद्वारा आत्महत्या प्रयास

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

विषादी सेवन गर्नेको संख्या सप्तरी जिल्लामा विगत दुई महिनादेखी निकै बढ्दै गएको छ । विभिन्न घरायसी विवाद, झगडा, श्रीमान श्रीमतीबीच विवाद लगायतका कारण विषादी सेवन तथा झुण्डिएर आत्महत्या गर्नेको संख्या बढ्दै गएको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्ले देखाएको छ ।

विगत दुई साता यता जिल्लामा विषादी सेवन र झुण्डिएर तीन महिला र एक पुरुषले आत्महत्या गरेका छन् । यस्तै आत्महत्याको प्रयास गर्नेको संख्या ८ पुगेको छ । आत्महत्याको प्रयास गर्नेहरुमा १२ वर्षिय किशोरकिशोरीदेखी ८० तथा ७५ वर्षिय बृद्धबृद्धासम्म छन् ।

योसँगै जिल्लामा २ महिनाको अवधिमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या २० पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**"आत्महत्याको प्रयास गर्नेहरुमा १२ वर्षिय किशोरकिशोरीदेखी ८० तथा ७५ वर्षिय बृद्धबृद्धासम्म छन् ।"**

यस्तै चालु आर्थिक वर्ष २०७९/०८० को हाल सम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ७९ पुगेको छ भने गत आर्थिक वर्ष २०७८/०७९ मा १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्ले देखाएको छ ।

यसैबीच आइतबार बिहान जिल्लाको अग्निसाईर कृष्णसावरण गाउँपालिका ४ प्रसवनि नयाँ टोल बस्ने छुतहरु मरिककी ३० वर्षिया श्रीमति कंचन मरिकले पनि विषादी सेवन गरेकी छिन् ।

प्रहरीका अनुसार घरायसी विषयमा श्रीमान श्रीमति बीच भएको बादविबादपछि केसाईकिन नामक विषादी सेवन गरी उनी बिरामी परेकी छिन् । उनको स्थानिय अहिर अस्पताल जन्डोलमा उपचार भईरहेको छ ।

यस्तै आइतबारै बिहान जिल्लाको राजगढ गाउँपालिका ६ कनकट्टा बस्ने आभाष मियाँका छोरा १५ वर्षिय छोरा मो.अमिरले घरायसी बादविवादको कारण तरकारी बालीमा छर्ने सुपर किलर नामक बिषादी सेवन गरेका छन् ।

उनको गजेन्द्र नारायण सिहं अस्पताल राजबिराजमा उपचार तथा घटना बारे थप अनुसन्धान कार्यभइरहेको प्रहरीले जनाएको छ ।

यसअघि जिल्लाको महादेवा गाउँपालिका ४ बलिया टोल निवासी अरबिन्द गिरीकी २२ वर्षिया श्रीमती राखि गिरीले शनिबार विषादी सेवन गरेकी छिन् ।

नाम नखुलेको विषादी सेवन गरेकी उनको गजेन्द्र नारायणसिंह अस्पताल राजबिराजमा उपचार भईरहेको तथा घटना बारे थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# आगलागिबाट मिल जलेर नष्ट, १२ लाखको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

सप्तरीको कंचनरुप नगरपालिका ७ स्थित एक धान र गहुँ कुटनपिसन मिलमा आइतबार बिहान आगलागि हुँदा मिल जलेर नष्ट भएको छ ।

विद्युत सर्ट भएर आइतबार एकाबिहान आगलागि हुँदा स्थानीय विश्वनाथ न्यौपानेद्वारा संचालित सो मिलमा रहेको सम्पूर्ण सामानसहित १२ लाख मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

मिल भएको घरका साथै खाद्यान्न कुट्ने पिसने मेशिन तीन थान, मोटरसाइकल एक थान, पानी तान्ने मोटर २ थान तथा ५ क्विन्टल धान र एक क्विन्टल गहुँ लगायतका सामाग्रि र खाद्यान्न पूर्ण रुपमा जलेर नष्ट भएको डिएसपी सिंहले जानकारी दिए ।

आगो कंचनरुप नगरपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाको बारुणयन्त्र तथा स्थानियवासी र प्रहरीको सहायताले २ घण्टाको प्रयासपछि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

# ट्याक्टरको ठक्करबाट घाइते भएकी महिलाको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

गत माघ २९ गते सप्तरीको सुरुङगा नगरपालिका ३ स्थित कदमाह गाईघाट सडक खण्डमा ट्याक्टरको ठक्करबाट घाइते भएकी एक महिलाको उपचारका क्रममा मृत्यु भएको छ ।

सो नगरपालिका ३ लक्ष्मीपुर निवासी गोबिन्द न्यौपानेको घरमा ज्याला मजदुरी गर्दै बस्दै आईरहेको

बाँकी अन्तिम पृष्ठमा

# ससुराको हत्या आरोपमा ज्वाई कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

सप्तरीको बोदेबरसाइन नगरपालिका ६ निवासी २३ वर्षिय रामचन्द्र महतोले घरायसी विवादमा सोही नगरपालिका ६ निवासी उनका ५५ वर्षिय ससुरा छठु महतोलाई कुटपिट गर्दा घटनाको १४ दिनपछि उनको शनिबार राती मृत्यु भएको छ ।

प्रहरीका अनुसार ज्वाई रामचन्द्र र ससुरा छठुबीच गत चैत्र ११ गते घरायसी विवादमा भै-झगडा र कुटपिट भएको थियो । सो क्रममा छठुको नाक, मुख, टाउको र शरीरको विभिन्न भागमा गहिरो चोट लागेको थियो । स्थानिय जीवनज्योती अस्पतालमा प्रारम्भिक उपचारपछि भोली पल्ट उनलाई थपउपचारका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरिएको थियो ।

स्वास्थ्य अवस्थामा केही सुधार देखिएपछि चिकित्सकको सल्लाहमा उनलाई चैत १८ गते घर ल्याइएको थियो । सोही दिनदेखी नियमित औषधी खुवाउन थालेको र अचानक शनिबार राती उनको मृत्यु भएकोरु जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

ज्वाई रामचन्द्रले सुरुमा ससुरा छठुले नै हातपात गरेको र आफूले प्रतिकार गर्दा उनलाई चोटपटक लाग्न पुगेको बताउँदै आएका छन् । मृतककी पत्नी मायावत्तिको जाहेरीले प्रहरीले रामचन्द्रमाथी ज्यान मार्ने उद्योग कसुरमा मुद्दा चलाएको डिएसपी सिंहले बताए ।

रामचन्द्रलाई पक्राउ गरि सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा ५० हजार धरौटी माग भई आदेश भएकोमा धरौटी तिर्न नसक्दा आइतबार राजविराज कारागार चलान गरि घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# धार्मिक यात्रा सहज बनाउन माग गर्दै गृहमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

विश्व हिन्दु परिषद् नेपाल सप्तरीले हनुमान जयन्तिका क्रममा निकालिएको शोभायात्रालाई विभिन्न बहाना देखाई जनकपुरको जानकी मन्दिर पथ प्रवेशमा रोक लगाइएको भन्दै तिब्र असन्तुष्टिसहित गृहमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

परिषद्का जिल्ला अध्यक्ष रामकिशुन साहको अगुवाईमा आइतबार प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापामार्फत गृहमन्त्रीलाई ज्ञापनपत्र पठाइएको हो ।

मुश्लिम धर्मावलम्बीहरुले मोहरम पर्वमा घरेलु हातहतियारसहित विभिन्न मठ, मन्दिर भएको बाटो प्रयोग गर्न पाउने तर हिन्दु धर्मावलम्बीहरुलाई रोक लगाउनु आश्चर्यको विषय भएको उल्लेख गर्दै विज्ञप्तिमा यसतर्फ बेलैमा ध्यान

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय

### हरवाचरवाको माग सम्बोधन गर्न राज्य गम्भिर बन्नुपर्छ

वर्षौंदेखी उत्पीडनमा परेका हरचवाचरवाको माग सम्बोधनका लागि सरकार गम्भिर बन्नुपर्छ। हरवाचरवा मुक्तीको घोषणा गरेको ९ महिना बितिसक्दा पनि उनीहरु भूमिहीन नै छन्। २०७९ साल साउन २ गते सरकारले हरवाचरवा प्रथा मुक्तिको घोषणा गरे पनि त्यो व्यवहारमा कार्यान्वयन नभएको र कागजमै सिमित भएको छ। भूमि, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा लगायतका माग राख्दै उनीहरु पैदल यात्रा गर्दै मधेश प्रदेश सरकारको ध्यानाकर्षण गराउन हिडेका छन्। यस्तै मुक्त हरवाचरवाको लगत संकलन, परिचयपत्रको व्यवस्था, बैंकको ऋण मिनाहा, आवश्यक सामाग्रिसहित शिपमूलक तालिम, भूमिहीनलाई भूमिको व्यवस्था, जातिय छुवाछुत गर्नेलाई कडा कारवाही तथा रोजगारी र सामाजिक समावेसिकरणको सुनिश्चितता लगायतको प्रमुख माग उनीहरुको छ।

राजविराजबाट जनकपुर १ सय २८ किलोमिटरको पैदलै निस्केको यात्रा टोलीमा १ हजार ४ सय ४५ जनाको सहभागिता छ। यस्तै सोही हाराहारीमा बिरगंजबाट पनि टोली निस्केको छ। हरचवाचरवाको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, रोजगार, वास लगायतका हरेक पक्ष सवल बनाउन आवश्यक पहल गर्ने आश्वाशन बाडे त्यो चुनावी नारा मात्र भएको उनीहरुको भनाई छ।

हरवाचरवाले सुरक्षित वास र परिवारका संख्याका आधारमा जग्गासहित पुनःस्थापित गराइनु पर्ने माग गर्दै दशकौंदेखी संघर्ष गर्दै आएका छन्। मधेश प्रदेशमा झण्डै १ लाख ५० हजार हरवाचरवा रहेको मञ्चले सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ। तसर्थ दशकौंदेखी उत्पीडनमा परेका हरवाचरवाको माग सम्बोधन गर्न राज्य गम्भिर हुनुपर्ने आवश्यकता रहेको छ।

# उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा त्रिपक्षीय प्रतिस्पर्धा

काठमाडौं, २६ चैत (रासस)।

निजी क्षेत्रको छाता संस्थामध्येका एक नेपाल उद्योग वाणिज्य महासङ्घमा यतिबेला चुनावी चहलपहल चलिरहेको छ। मुलुकको अर्थतन्त्र समस्यामा रहेको र त्यसबाट सबैभन्दा बढी निजी क्षेत्र प्रभावित भइरहेको सन्दर्भमा महासङ्घमा हुने निर्वाचनलाई विशेषरुपमा हेरिएको छ। यतिबेला वरिष्ठ उपाध्यक्षमा निर्वाचित हुने नेतृत्व नै अर्को कार्यकालमा स्वतः अध्यक्ष हुने व्यवस्था छ।

नेपाल उद्योग वाणिज्य महासङ्घको ५७औं वार्षिक साधारणसभाले तीन वर्षको कार्यकालका लागि नयाँ नेतृत्व चुन्दैछ। चैत २८ र २९ गते हुने साधारणसभा तथा निर्वाचनका लागि महासङ्घले उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिसकेको छ।

वरिष्ठ उपाध्यक्ष स्वतःअध्यक्ष हुने महासङ्घको विधानअनुसार वर्तमान वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल महासङ्घको अध्यक्ष बन्दै हुनुहुन्छ भने बाँकी पदमा निर्वाचन हुनेछ। जसमा वरिष्ठ उपाध्यक्षमा त्रिपक्षीय प्रतिष्पर्धा हुने निश्चित जस्तै देखिएको छ। वरिष्ठ उपाध्यक्षमा महासङ्घका एसोसिएट उपाध्यक्ष रामचन्द्र सङ्घई, वस्तुगत उपाध्यक्ष अञ्जन श्रेष्ठ र उमेशलाल श्रेष्ठ प्यानलसहित उम्मेदवारी दर्ता गराउनुभएको छ। रामचन्द्र सङ्घई हाल महासङ्घमा एसोसिएट उपाध्यक्ष र अञ्जन श्रेष्ठ वस्तुगत उपाध्यक्ष हुनुहुन्छ। उमेशलाल श्रेष्ठ भने यसअघिको निर्वाचनमा वस्तुगततर्फको उपाध्यक्षमा अञ्जन श्रेष्ठसँग पराजित हुनुभएको थियो।

सङ्घई प्यानलबाट जिल्ला नगर उपाध्यक्षमा सुरकृष्ण वैद्य, वस्तुगत उपाध्यक्षमा सुकुन्तलाल हिराचन र एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ हुनुहुन्छ। साथै अञ्जन श्रेष्ठ प्यानलमा वस्तुगत उपाध्यक्षमा मनिषलाल प्रधान र जिल्ला नगर उपाध्यक्षमा अरुणराज सुमार्गी उम्मेदवार हुनुहुन्छ। उमेशलाल श्रेष्ठको प्यानलमा जिल्ला नगर उपाध्यक्षमा दिनेश श्रेष्ठ र वस्तुगत उपाध्यक्षमा हेमराज ढकाल उम्मेदवार हुनुहुन्छ। एसोशिएटतर्फको अञ्जन श्रेष्ठ र उमेशलाल श्रेष्ठ प्यानलको संयुक्त उम्मेदवारमा उपाध्यक्षमा भरतराज आचार्य हुनुहुन्छ।

महासङ्घ कार्यकारिणी समितिमा प्रत्येक प्रदेशबाट एक/एक जना सदस्य निर्वाचित हुनेछन्। जसका लागि कोशी प्रदेश सदस्यका लागि टङ्कप्रसाद दुलाल, नरेन्द्रकुमार खड्का र तारानाथ घिमिरेले उम्मेदवारी दिनुभएको छ। मधेस प्रदेश सदस्यका लागि विजयकुमार साह र अरुणकुमार प्रधानको उम्मेदवारी छ भने बागमती प्रदेश सदस्यका लागि कृष्णप्रसाद अवाल र सबिन श्रेष्ठले उम्मेदवारी दिनुभएको छ।

गण्डकी प्रदेशबाट जीवनज्योति श्रेष्ठ र युवराज राजभण्डारीको उम्मेदवारी परेको छ भने लुम्बिनी प्रदेशबाट जम्शेर मियाँको एकल उम्मेदवारी परेको छ। त्यस्तै कर्णाली प्रदेशबाट लालिमान बुढा, धनबहादुर रावत क्षेत्री र कुलबहादुर विश्वकर्मा तथा सुदूरपश्चिम प्रदेशबाट रामबहादुर भण्डारी र जङ्गबहादुर मल्लको उम्मेदवारी छ। संस्थापक सदस्य समूहतर्फ भीष्मप्रसाद न्यौपाने र टीकाराज ढकालको उम्मेदवारी छ। उहाँहरुमध्ये एक जना निर्वाचित हुनुहुनेछ।

वस्तुगत सङ्घतर्फको सदस्यमा १४ जनाका लागि २८ जनाको उम्मेदवारी परेको छ। जिल्ला नगर सङ्घ सदस्यमा १८ जनाका लागि ३२ जनाको उम्मेदवारी परेको छ भने एशोसिएट सदस्यतर्फ १९ जना सदस्यका लागि ३० जनाको उम्मेदवारी परेको छ। द्विराष्ट्रिय उद्योग वाणिज्य सङ्घ सदस्यतर्फ सुनिल केसीको एकल उम्मेदवारी परेको छ।

शनिबार बसेको महासङ्घको बैठकले नेपाल प्रज्ञा-प्रतिष्ठानलाई मतदान केन्द्र तोकेको छ। चैत २९ गते बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्मको समय तोकिएको छ। महासङ्घको विधानअनुसार वरिष्ठ उपाध्यक्षको उम्मेदवार निर्वाचित हुन ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुपर्छ। त्यसैले कुनै उम्मेदवार पहिलो चरणमा निर्वाचित हुन नसकेका दोस्रो चरणका लागि चैत ३० गते बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म फेरि मतदान हुनेछ।

"वरिष्ठ उपाध्यक्षका लागि ५० प्रतिशितभन्दा बढी मत चाहिन्छ। तीन जना उम्मेदवारमध्ये पहिलो चरणमा कुनै पनि उम्मेदवारले त्यस्तो मत प्राप्त गर्न सक्नुभएन भने बढी मत ल्याउने दुई उम्मेदवारबीच अर्को चरणको निर्वाचन हुनेछ। पहिलो चरणको निर्वाचनमै कुनै उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत ल्याएमा स्वतःविजयी हुनेछन्", निर्वाचन अधिकृत रमणकुमार कर्णले भन्नुभयो।

महासङ्घका अनुसार जिल्ला नगर समूह र वस्तुगत सङ्घ समूहका लागि एउटा-एउटा मतदान केन्द्र तोकिएको छ भने एशोसिएटतर्फ तीन वटा मतदान केन्द्र तोकिएका छन्। जिल्ला नगर समूहका सबै पदका लागि रातो रङको मतपत्र, वस्तुगत समूहका सबै पदका लागि निलो रङको मतपत्र र एशोसिएट समूहका सबै पदका लागि सेतो रङको मतपत्र बनाइएको महासङ्घले जनाएको छ।

प्रदेश सदस्य र संस्थापक समूह सदस्य पदको मतपत्र भने पहेलो रङको हुनेछ। वरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष पदका उम्मेदवारले तीन जनासम्म मतदान र मतगणना प्रतिनिधि राख्न सक्नेछन्।

नेपाल उद्योग वाणिज्य महासङ्घको विधान २०४९ (छैटौं संशोधन) अनुसार निर्वाचित हुने वरिष्ठ उपाध्यक्षले निर्वाचनमा खसेको मतको कम्तीमा ५० प्रतिशत र थप एक मत प्राप्त गर्नुपर्नेछ। पहिलो चरणमा कुनै उम्मेदवारले ५० प्रतिशत र थप एक मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारबीच पुनःनिर्वाचन हुने व्यवस्था छ। पुनःनिर्वाचन हुँदा दोस्रोपटक हुने निर्वाचनमा बढी मत प्राप्त गर्ने उम्मेदवार वरिष्ठ उपाध्यक्षमा निर्वाचित हुनेछ।

वरिष्ठ उपाध्यक्षको निर्वाचनमा जिल्ला नगर सङ्घको ५० प्रतिशत, वस्तुगत सङ्घ सदस्यको २० प्रतिशत र एशोसिएट सदस्यको ३० प्रतिशत मतभार रहन्छ। महासङ्घका अनुसार वस्तुगततर्फ एक सय २३, जिल्ला नगर उवासंघतर्फ एक सय २१, एसोसिएटतर्फ एक हजार ७६२ र द्विराष्ट्रिय सदस्य २० छन्।

चुनावमा होमिएका सबै उम्मेदवारले मुलुकको अर्थतन्त्र सुधार र निजी क्षेत्रलाई अझ बढी व्यावसायिक तथा प्रतिस्पर्धी बनाउने विषयलाई चुनावी एजेन्डा बनाएका छन्। महासङ्घको भिजन पेपर २०३० कार्यान्वयन पनि सबै उम्मेदवारको एजेन्डामा परेको छ।

नेपालको तीनखम्बे अर्थनीतिअनुसार खुला बजार नीति अवलम्बन गर्ने र अर्थतन्त्रको विकासमा निजी क्षेत्रकोतर्फबाट महत्वपूर्ण योगदान गर्ने संस्थाका रुपमा महासङ्घ छ। महासङ्घले सरकारले तर्जुमा गर्ने आर्थिक, मौद्रिक तथा वाणिज्य क्षेत्रसँग सम्बन्धित कानुन तथा नीतिनिर्माण, संशोधन र खारेजी प्रक्रियामा समयसापेक्ष परामर्श दिने गरेको छ।

# सङ्क्रमण बढेसँगै खोप लगाउन मन्त्रालयको आग्रह

काठमाडौं, २६ चैत (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढिरहेकाले कोरोना भाइरसविरुद्धको खोप लगाउन सबैमा आग्रह गरेको छ। मन्त्रालयले दैनिक रुपमा सङ्क्रमण बढिरहेकाले खोप लगाउन आग्रह गरेको हो।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले सङ्क्रमण बढिरहेकाले पहिलो मात्रा, दोस्रो मात्रा र बुस्टर डोज लगाउन आग्रह गर्नुभएको छ। शून्यमा झरेको कोरोना भाइरसको सङ्क्रमण अहिले दैनिक बढिरहेको छ। हिजो मात्र ६४ जनामा नयाँ सङ्क्रमित फेला परेका थिए भने हाल कुल सक्रिय सक्रमितको सङ्ख्या ३५६ जना पुगेका छन्।

काठमाडौं उपत्यकामा मात्र हिजोसम्ममा १५ जना आइसोलेशन, आठ जना सघन उपचार कक्ष (आइसियु) र पाँच जना भेन्टिलेटरमा उपचार गराहेका छन्। अहिले काठमाडौंसहित उपत्यकाका ठूला अस्पतालमा कोरोना भाइरस विरुद्धको बुस्टर डोज लगाइँदै छ।

स्वास्थ्य कार्यालय काठमाडौंका सूचना अधिकारी अञ्जना खड्काका अनुसार वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, निजामति कर्मचारी अस्पताल, सशस्त्र प्रहरी बल अस्पताल, नेपाल प्रहरी अस्पतालबाट बुस्टर डोज खोप प्रदान गर्दै आइरहेको छ।

यस्तै काठमाडौंका स्थानीय तहले पनि आवश्कता अनुसार विभिन्न ठाउँमा खोप प्रदान गरिरहेका छन्। केही दिनअघि गरिएको अनुवांशिक अध्ययनमा नेपालमा पहिलो पटक कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ देखा परेको छ। मन्त्रालयले सङ्क्रमणको लक्षण देखिने वित्तिकै परीक्षण गराउन र आइसोलेशनमा बस्न अनुरोध समेत गरेको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विकासमा सबैको अधिकार सुनिश्चित गर्न गैसस महासंघको माग

काठमाडौं, २६ चैत (रासस)।

गैरसरकारी संस्था महासङ्घ नेपालले विपद् जोखिम न्यूनीकरणका लागि भूउपयोग र सुरक्षित बसोबास योजना ल्याउन तथा विपद् व्यवस्थापन संयन्त्रको सही परिचालन गर्न माग गरेको छ।

यही चैत २३ र २४ सम्म चलेको महासङ्घको राष्ट्रिय नागरिक सम्मेलनले १९ बुँदे 'नागरिक सम्मेलन घोषणापत्र' जारी गर्दै सुरक्षित सडक सञ्जाल निर्माण एवं जलवायु न्याय कार्यमार्फत विपद् उत्थानशील राष्ट्र निर्माण हुनेगरी सरोकारवालासँग सहकार्य गर्न माग गरेको हो।

महासङ्घले जलवायु परिवर्तनको असरस्वरुप देशका विभिन्न भूभाग बाढी, पहिरो, डुबान, कटानका कारण उच्च जोखिममा रहेको र ठूलो क्षति व्यहोर्नु परेको जनाएको छ। घोषणापत्रमा दिगो विकास लक्ष्यको मर्मलाई आतमसात् गर्दै सबै सरोकारवालासँगको सहभागितामा कार्यान्वयनको योजना निर्माण गरी स्थानीयकरण गर्न र हासिल भएका उपलब्धिलाई एकीकृत तथ्याङ्ककीकरण प्रणाली विकास गरी विकासमा सबैको अधिकार सुनिश्चित हुने वातावरण सिर्जना गर्न माग गरिएको छ।

महिलामाथि हुने हिंसा, मानव बेचबिखन, बालबालिका ओसारपसार, बालबालिकामाथि हुने दुर्व्यवहार, जातीय विभेद तथा छुवाछूत जस्ता कुसंस्कारप्रति स्थानीय, प्रदेश र सङ्घीय सरकार संवेदनशील भई यस्ता गतिविधि रोक्न प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ।

घोषणापत्रमा नेपालका लागि लक्षित वैदेशिक सहायताको निश्चित प्रतिशत सामाजिक सङ्घसंस्थामार्फत लगानी गर्ने व्यवस्था मिलाउन, वैदेशिक सहयोग तथा विकास प्रभावकारिता अभिवृद्धि गर्न, नेपालका विकास लागि छुटचाइएको विकास सहायतामा विदेशी संस्थाले प्रतिस्पर्धा गर्ने वातावरण हटाउँदै नेपाली नागरिक संस्थाले मात्र प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गर्न माग गरिएको छ।

महासङ्घले कोभिड-१९ महामारी तथा रसिया-युक्रेन युद्धका कारण परेको नकारात्मक असर तथा मूल्यवृद्धिलाई न्यूनीकरण गर्न तथा कोरोनाले गरिब तथा अल्पविकसित र विकाशील देशमा पारेको प्रभावलाई मध्यनजर गर्दै लगानी बढाउनुका साथै शान्तिपूर्ण वार्ताका माध्यमबाट युद्धलगायत विवादको समाधान गर्न विश्व समुदायसमक्ष आह्वान गरेको छ। घोषणापत्रमा भ्रष्टाचार नियन्त्रण गर्न तथा महँगीका कारण सर्वसाधारणको जनजीविका कठिन भइरहेकाप्रति सरकारको ध्यानाकर्षण गराउँदै सुशासन प्रवर्द्धन र महँगी नियन्त्रण गर्न माग गरिएको छ।

महासङ्घ नेपाली गैरसरकारी सामाजिक सङ्घसंस्थाको छाता सङ्गठनका रुपमा रहेको छ। महासङ्घको २८औँ साधारणसभा 'विपद् उत्थानशीलता, दिगो विकास र समृद्धिका लागि साझेदारी: स्वतन्त्रता, सुशासन र सामाजिक क्षेत्रको पहिचानका लागि पहरेदारी' भन्ने नाराका साथ सम्पन्न भएको थियो।

देशभरका सात हजार आठ सय सामाजिक सङ्घसंस्था, करिब चार सय स्थानीय तह समन्वय समिति र ७७ जिल्ला तथा सात प्रदेश र सङ्घको समितिको प्रतिनिधित्व गर्दै गैससकर्मीको साधारणसभामा उपस्थिति थियो।

# उपनिर्वाचनको तयारी तीव्र

काठमाडौं, २६ चैत (रासस)।

आगामी वैशाख १० मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि उम्मेदवारको नामावाली प्रकाशनसँगै निर्वाचन आयोग, राजनीतिक दल र उम्मेदवारहरू आफ्ना तयारीमा तीव्रताका साथ जुटेका छन्।

मधेस प्रदेशको बारा क्षेत्र नं २, गण्डकी प्रदेशको तनहुँ क्षेत्र नं १ र बागमती प्रदेशको चितवन क्षेत्र नं २ मा हुने उपनिर्वाचनका लागि कुल ६९ जनाको उम्मेदवारी दर्ता भएको छ। जसमध्ये बारा क्षेत्र नं २ मा सबैभन्दा धेरै ३६ जनाको उम्मेदवारी परेको छ। साथै तनहुँ क्षेत्र नं १ मा नौ र चितवन क्षेत्र नं. २ मा २४ जना उम्मेदवारी परेको छ।

बारा क्षेत्र नं २ मा गत मङ्सिर ४ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा जनता समाजवादी पार्टीबाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि सो क्षेत्रमा उपनिर्वाचन हुँदैछ। सो क्षेत्रमा त्यसबेला खसेकोमध्ये ६३ हजार सात सय ४२ सदर मतमा साहले १३ हजार आठ सय २२ मत प्राप्त गरी विजय हासिल गर्नुभएको थियो। उहाँका प्रतिप्रर्धी नेकपा (माओवादी केन्द्र) का शिवचन्द्रप्रसाद कुशवाहाले १३ हजार चार सय ३८ र स्वतन्त्र उम्मेदवार रामकिशोरप्रसाद यादवले ११ हजार ४३ मत प्राप्त गर्नुभएको थियो। समानुपातिकतर्फ जसपाले १३ हजार दुई सय ४२, नेपाली कांग्रेसले ११ हजार एक सय ७९ र नेकपा (एमाले)ले नौ हजार एक सय ९३ मत प्राप्त गरेका थिए।

यस क्षेत्रमा उपनिर्वाचनका लागि सत्ता गठबन्धनका तर्फबाट जसपाका अध्यक्ष उपेन्द्र यादव, एमालेबाट पुरुषोत्तम पौडेल र सत्ता गठबन्धनमै रहेको जनमत पार्टीबाट शिवचन्द्रप्रसाद कुशवाहा उम्मेदवार हुनुहुन्छ। कुशवाह हालै माओवादी केन्द्रबाट जनमत पार्टीमा प्रवेश गर्नुभएको हो।

मङ्सिर ४ गतेको निर्वाचनमा चितवन-२ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने नागरिकतासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको आदेशबाट पदविहीन भएपछि सो क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो। उक्त निर्वाचनमा खसेकोमध्ये ८० हजार सात सय ५३ मत सदर भएकोमा सभापति लामिछानेले ४९ हजार तीन सय मत प्राप्त गरी विजयी हुनुभएको थियो। उहाँका प्रतिप्रर्धी नेपाली कांग्रेसका उमेश श्रेष्ठले १४ हजार नौ सय ८८ र नेकपा (एमाले)का कृष्णभक्त श्रेष्ठले १४ हजार छ सय ५२ मत प्राप्त गर्नुभएको थियो।

यस क्षेत्रबाट समानुपातिकमा रास्वपाले ३५ हजार नौ सय ४५, एमालेले १६ हजार सात सय ८४ र नेपाली कांग्रेसले १२ हजार एक सय ३२ मत प्राप्त गरेका थिए। यस क्षेत्रमा उपनिर्वाचनका लागि चार सय ७० थप भई एक लाख २४ हजार छ सय ९५ मतदाता कायम भएका छन्। उपनिर्वाचनका लागि रास्वपाबाट पुनः लामिछाने, कांग्रेसका जीतनारायण श्रेष्ठ र एमालेका रामप्रसाद न्यौपानेलगायतको उम्मेदवारी परेको छ।

तनहुँ क्षेत्र नं १ मा मङ्सिर ४ गतेको निर्वाचनमा विजयी रामचन्द्र पौडेल राष्ट्रपति हुनुभएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो। उक्त निर्वाचनमा खसकेकोमध्ये ६२ हजार छ सय ९५ सदर मतमध्ये पौडेलले २५ हजार तीन सय ६१ मत प्राप्त गर्नुभएको थियो। उहाँका प्रतिष्पर्धी नेकपा (एमाले)का एकबहादुर राना मगरले १९ हजार नौ सय ८१ र स्वतन्त्र उम्मेदवार गोविन्दराज जोशीले छ हजार आठ सय ८६ मत प्राप्त गर्नुभएको थियो। समानुपातिकतर्फ कांग्रेसले २० हजार एक सय ५८, एमालेले १६ हजार छ सय ८३ र रास्वपाले १२ हजार सात सय ७३ मत प्राप्त गरेका थिए।

तनहुँ १ मा उपनिर्वाचनका लागि सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका गोविन्द भट्टराई, एमालेबाट सर्वेन्द्र खनाल र राष्ट्रिय स्वतन्त्र पार्टीबाट डा स्वर्णिम वाग्लेलगायत उम्मेदवार हुनुहुन्छ। यस निर्वाचन क्षेत्रमा मङ्सिर ४ गते यता एक सय ८५ मतदाता घटेर एक लाख २३ हजार तीन सय पाँच कायम भएका छन्।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार स्वीकृत मतदाता नामावली बमोजिम २०७९ वैशाख ९ गतेसम्म १८ वर्ष उमेर पुग्ने व्यक्तिमध्ये ८८ लाख हजार ५२ हजार ४६ महिला, ९१ लाख ४९ हजार तीन सय ३५ पुरुष र एक सय ८५ अन्य गरी एक करोड ८० लाख एक हजार पाँच सय ६६ मतदाता कायम छन्।

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनयता १२ हजार नौ सय ९६ मतदाता सङ्ख्या वृद्धि भएको छ। उपनिर्वाचन हुने तीन जिल्लाका लागि एक सय ९४ मतदानस्थल र चार सय २७ मतदानकेन्द्र कायम भएको छ। सो अनुसार गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा रहेका मतदान केन्द्र र मतदान स्थलमध्ये बारा क्षेत्र नं २ मा एक मतदान केन्द्र थप भएको छ। आयोगले उपनिर्वाचनका लागि यही चैत २४ गतेदेखि निर्वाचन आचारसंहिता, २०७९ जारी गरिसकेको छ भने उम्मेदवारले निर्वाचनमा खर्च गर्न पाउने हद निर्धारण गरिसकेको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### भारतमा पछिल्लो २४ घण्टामा ५ हजार ३ सय ५७ मा कोभिड १९ संक्रमण

नयाँदिल्ली, २६ चैत (रासस/एएनआई)।

गत २४ घण्टामा भारतमा कुल पाँच हजार ३५७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार सङ्क्रमण शनिबारको तुलनामा थोरैले कमी आएको छ।

यद्यपि पछिल्ला केही दिनमा कोभिड सङ्क्रमण बढेको पाइएको छ। अप्रिल १ मा दैनिक २,९९४, अप्रिल २ मा ३,८२४, अप्रिल ३ मा ३,६४१, अप्रिल ४ मा ३,०३८, अप्रिल ५ मा ४,४३५, अप्रिल ५,३३५ जनामा नयाँ सङ्क्रमण देखिएको थियो। यसैगरी सक्रिय सङ्क्रमितको हालको सङ्ख्या ३२ हजार ८१४ रहेको छ। आइतबारसम्म दैनिक सकारात्मकता दर ३.३९ प्रतिशत रहेको स्वास्थ्य मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

पछिल्लो २४ घण्टामा तीन हजार सात सय २६ निको हुँदा निको हुनेको कुल सङ्ख्या चार लाख ४१ लाख ९२ हजार आठ सय ३७ पुगेको बुलेटिनले जनाएको छ र अहिले समग्र निको हुने दर ९८ दशमलव ७४ प्रतिशत रहेको छ।

राष्ट्रव्यापी खोप अभियान अन्तर्गत आइतबारसम्म कुल २२०.६६ करोड खोपको डोज दिइएको छ जसमध्ये पछिल्लो २४ घण्टामा ६५९ डोज दिइएको छ।

### करिब दुई हजार मानिस घरबारबिहीन

दार एस सलाम, २६ चैत (रासस/सिन्ह्वा)।

दक्षिणी तान्जानियाको मिटवारा जिल्लामा आएको भीषण बाढीका कारण करिब दुई हजार जनता घरबारविहीन भएका सरकारी अधिकारीहरूले बताएका छन्।

देशको दक्षिणी क्षेत्र मटवारामा जारी भारी वर्षासँगै आएको बाढीबाट एक हजार आठ सय मानिस घरबारविहीन भएका मिटवाराका क्षेत्रीय आयुक्त अहमद अब्बासले बताएका छन्। पीडितहरू सबैका घर डुबानमा परेको जनाउँदै उनले रुबु नदीमा पानीको सतह अझ बढिरहेकाले थप क्षतिको आशङ्का गरेका छन्।

प्राथमिक विद्यालयका भवनमा बाढी पीडितलाई अस्थायी बसोबासको व्यवस्था मिलाइएको जानकारी दिँदै क्षेत्रीय आयुक्त अब्बासले त्रिपालका साथै खाद्य सहयोग गरिएको बताएका छन्। एक सय हेक्टरभन्दा बढी क्षेत्रमा लगाइएको मकै र आलु बाढीले नष्ट भएको छ। बाढीबाट भएको क्षतिको मूल्याङ्कन भइरहेको छ।

### इजरायल-सिरिया द्वन्द्व बढ्दै

जेरुसेलम, २६ चैत (रासस/एएफपी)।

इजरायल र सिरियबीच फेरि द्वन्द्व बढेको छ। सिरियाले गोलान हाइट्समा धेरै 'रकेट' प्रहार गरेपछि इजरायलले आइतबार बिहानैदेखि हवाई आक्रमण व्यापक बनाएको छ।

सिरियाबाट इजरायलमा आक्रमण भएपछि इजरायलले पनि जवाफी कारबाही थालेको इजरायली सेनाले बताएको छ। सिरियाली क्षेत्रमा हवाई आक्रमण जारी छ। सिरियाली 'लन्चर'लाई इजरायली 'ड्रोन'बाट प्रहार गरिएको छ।

शनिबार राति सिरियाली पक्षले छ वटा रकेट प्रहार गरेकामा दुई वटा गोलान हाइट्समा खसेका तथा एउटालाई इजरायलको हवाई रक्षा प्रणालीले आकाशमा नै ध्वस्त पारेको थियो।

सन् १९६७ मा भएको छ दिन लामो युद्धमा इजरायलले सिरियाली भूमि गोलान हाइट्स आफ्नो नियन्त्रणमा लिएको हो। यद्यपि अन्तरराष्ट्रिय समुदायले त्यसलाई मान्यता दिएको छैन।

मुसलमानको पवित्र महिना रमजान, यहुदीहरूको निस्तार र इशाईहरूको इस्टर चाडका बेला मध्यपूर्वमा हिंसात्मक घटनामा वृद्धि भएको छ।

गत बुधबार अलअक्सा मस्जिदमा प्रवेश गरी इजरायली प्रहरी मखुण्डो लगाएका तीन सय पचास जनालाई पक्राउ गरेपछि अशान्ति झन बढेको छ। त्यसको भोलि लेबनानबाट ३० भन्दा बढी शृङ्खलाबद्ध रकेट प्रहार भएका थिए। त्यसपछि इजरायलले गाजा र दक्षिणी लेबनानमा बमबारी गरेको थियो।

### जापानी विद्यालयमा शिशु भर्नादरमा कमी

टोकियो, २६ चैत (रासस/सिन्ह्वा)।

जापानका कम्तीमा ४० प्रतिशत शिशु विद्यालयमा भर्नादर घटेको पाइएको छ।

हालैको योमिउरी शिम्बुन सर्वेक्षणले यस वर्षको अप्रिलको भर्नाको सङ्ख्या प्रायःसबै विद्यालयहरूमा कमी देखाएको छ। यसका पछाडि घट्दो जन्मदर नै प्रमुख कारण देखाइएको छ जसले गर्दा बाल हेरचाहको माग घटेको छ।

सर्वेक्षण फेब्रअरी र मार्चमा १०९ प्रिफेक्चुरल क्यापिटल, सरकारी अध्यादेशद्वारा तोकिएका शहर, टोकियोका २३ वटा वडा र हार्टल्याण्ड शहरमा गरिएको थियो। एकसय तीन स्थानीय सरकारद्वारा निरीक्षण गरिएको लगभग १८ हजार नर्सरी स्कूलमध्ये करिब छ हजार ८०० अप्रिलको लागि लिइने भर्नाको कोटा पूरा गर्न असफल भएका छन्।

घट्दो जन्मदर बाहेक बाल हेरचाह गर्ने कामदारको अभाव र केही सुविधाको लागि अभिभावकको प्राथमिकता पनि कमीको कारण रहेको हुनसक्ने सर्वेक्षणले देखाएको छ।

# कोइलाडीले चुम्यो गाउँपालिका स्तरीय क्रिकेटको उपाधी




**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सञ्चालित गाउपालिका स्तरीय क्रिकेट प्रतियोगिताको उपाधी वडा नं. ४ कोइलाडीले हात पारेको छ ।

शनिबार सम्पन्न फाइनल खेलमा वडा नं. ५ को. बर्साइनलाई १ विकेटले पराजित गर्दै कोइलाडीले सो उपाधी जितेको हो ।

टस जितेर ब्याटिङ्ग गरेको को. बर्साइनले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय १५ रन बनाएको थियो । जसमा दिपेश सरदारले सर्वाधिक ५२ रन बनाए भने प्रकाश मण्डलले १० रन बनाउनु बाहेक कुनै पनि खेलाडि दोहोरो अंकमा प्रवेश गर्न सकेनन् ।

कोइलाडीका लागि जुगनु मण्डलले ३ तथा रोशन मण्डल र मो. गुड्डुले २/२ तथा मौसम मण्डलले १ विकेट लिएका थिए ।

जितको लागि १ सय १६ रन पछ्याउने क्रममा कोइलाडी टिम १९ ओभर १ बलमा ९ विकेटको क्षतिमा जित निकाल्न सफल भयो । फाइनल खेलका म्यान अफ द म्याच रोशन मण्डलले सर्वाधिक ३५ रन बनाए भने मो. गुड्डुले १८ र मौसम मण्डलले ११ रन बनाएका थिए । को. बर्साइनका लागि विशाल शर्मा र राजन साहबी ले २/२ तथा राजेश दास र राजा रायले १/१ विकेट लिएका थिए ।

प्रतियोगितामा १ सय १ रन बनाउनुका साथै ६ विकेट लिएका वडा नं. १ तिलाठीका शिव कामैतलाई म्यान अफ द सिरिज, ३ खेलमा ९५ रन बनाएका को. बर्साइनका सुभाष शर्मालाई बेस्ट ब्याट्सम्यान तथा २ खेलमा ८ विकेट लिएका मन्सापुरका राजकुमार मण्डललाई वेस्ट बलरको पुरस्कार प्रदान गरिएको थियो ।

प्रतियोगिता समापनको अवसरमा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, उपाध्यक्ष फुलकुमारी साह, प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्की, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, वडा अध्यक्षहरु मुनिलाल मुखिया, ललन प्रसाद राउत र हरिनारायण मण्डल, शिक्षा शाखा प्रमुख चन्द्र भुषण राय, प्रधानाध्यापक विपीन झासहितकाले पुरस्कार तथा प्रमाण पत्र प्रदान गरेका थिए ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षता तथा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहको प्रमुख आतिथ्यमा सम्पन्न भएको समापन समारोह कार्यक्रम अधिकृत राजेश कुमार झाले सञ्चालन गरेका थिए ।

# रुपनी गाउँपालिकाद्वारा विद्यालय व्यवस्थापन समिति महासंघका नवमहासचिव ठाकुर सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको केन्द्रीय महासचिवमा निर्वाचित दुर्गानन्द ठाकुरलाई आइतबार रुपनी गाउँपालिकाले सम्मान गरेको छ ।

गाउँपालिका कार्यालयमा आयोजित सम्मान कार्यक्रममा पालिका अध्यक्ष दिनेशकुमार यादवले सम्मान पत्र तथा दोसल्ला ओढाई नवनिर्वाचित महासचिव ठाकुरलाई सम्मान गरेका हुन् ।

रुपनी गाउँपालिकास्थित कन्छु नरप्रताप माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षका रुपमा प्रतिनिधित्व गर्दै ठाकुर सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको मधेस प्रदेश समितिको अध्यक्ष तथा केन्द्रीय महासचिव पदमा निर्वाचित भएका हुन् ।

चैत २१ र २२ गते काठमाडौंमा आयोजित सामुदायिक विद्यालय व्यवस्थापन समितिको प्रथम राष्ट्रिय सम्मेलन तथा तेश्रो महाधिवेशनवाट ठाकुर महासचिव पदमा निर्वाचित भए ।

आफ्नो गाउँपालिका अन्तर्गतको विद्यालय व्यवस्थापन समिति अध्यक्षका रुपमा प्रतिनिधित्व गर्दै प्रदेश र केन्द्रीय समितिमा रुपनी गाउँपालिकासंगै समग्र जिल्लाको गौरब बढाएको भन्दै गाउँपालिकाद्वारा ठाकुरलाई सम्मान गरिएको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले बताए । ठाकुर कन्छु नर प्रताप माविको लगातार दुई कार्यकालदेखि अध्यक्ष पदमा निर्वाचित हुँदै आएका छन ।

## *धार्मिक यात्रा ...*

दिन र भविष्यमा यस्ता प्रतिबन्ध लगाउने काम नहुने गरि सम्बन्धीत प्रशासनलाई निर्देशन दिन माग गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय तथा मधेशी आयोगलाई समेत बोदार्थ दिइएको ज्ञापनपत्रमा गत चैत २३ गते हनुमान जन्मोत्सवको अवसर पारेर परिषद् तथा विभिन्न हिन्दुवादी धार्मिक संगठनद्वारा जनकपुरमा आयोजना गरिएको शोभायात्रा जानकी मन्दिर परिक्रमा पथमा पुग्न खोज्दा स्थानिय प्रशासनले प्रवेशमा रोक लगाएर सनातन हिन्दु धर्म र सोप्रति आस्था राख्ने हजारौं हिन्दुहरुको भावनामाथी कुठाराघात गरेको ज्ञापनपत्रमा उल्लेख छ ।

# दुर्घटनामा मोटरसाइकल चालकसहित छोराछोरी तथा म्याजिकको ठक्करबाट महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

राजबिराज नगरपालिका वडा नं. २ झलहि नहरमा आइतबार बिहान एक मोटरसाइकलले अर्को मोटरसाइकललाई पछाडीबाट ठक्कर दिँदा दुबै मोटरसाइकलका चालकसहित छोराछोरी घाइते भएका छन् ।

दक्षिणबाट उत्तरतर्फ जादै गरेको स.५प.६४३० नं. को मोटरसाइकललाई पछाडिबाट बीआर५०आर७७३० न. को. मोटरसाइकलले ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ठक्करबाट स.५प.६४३० न.को मोटरसाइकल चालक राजविराज ११ का ३० वर्षिय जय प्रकाश यादव, पछाडि सवार उनकी १० वर्षिया छोरी किरण कुमारी यादव र ७ वर्षिय छोरा मनिष कुमार यादव घाइते भएका छन् । यस्तै बीआर५०आर७७३० न. को. मोटरसाइकल चालक तलाठि कोईलाडि २ लौनिया निवासी ४५ वर्षिय भुपेन्द्र कुमार मंडल पनि घाइते भएका छन् ।

चारै जनाको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भईरहेको तथा दुबै सवारीसाधन प्रहरीले नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि राजविराज वडा नं. ६ नेता चौकस्थित उतरबाट दक्षिणतर्फ आउदै गरेको स.१ज.३१० नं.को म्याजिकले सोही दिशा तर्फबाट आउदै गरेको साईकल यात्रिलाई ठक्कर दिएको छ ।

ठक्करबाट राजविराज ११ झल्ही निवासी ४० वर्षिया धनेश्वरी देवीलाई पछाडीबाट ठक्कर दिँदा उनको टाउँको, ढाड र दाहिने खुट्टामा चोट लागेको छ । उनको गजेन्द्र नारायण सिँह अस्पताल राजविराजमा उपचार भईरहेको तथा उपचारमा म्याजिक चालक राजविराज वडा नं. ११ सखुवा बस्ने ३६ वर्षिय रामचन्द्र मोचि संलग्न रहेको प्रहरीले जनाएको छ ।

## *ट्याक्टरको ठक्करबाट ...*

५४ वर्षिया गोमा कुमारी दाहालको काठमाडौंस्थित सुस्मा मेमोरियल अस्पताल साखुमा उपचारका क्रममा आइतबार बिहान मृत्यु भएको हो ।

प्रहरीका अनुसार प्र.२-०१-००१त.२४६ न.को ट्याक्टर कदमाहतर्फ जाँदै हिडिरहेकी गोमालाई ठक्कर दिएको थियो । सो ठक्करबाट उनको दुबै खुट्टा र टाउकोमा चोट लागेको थियो । उनलाई तत्कालै उपचारका लागि माँ धमिनि अस्पताल लहान पठाईएकोमा थपउपचारका लागि काठमाडौं लगिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।**
- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी साझा हितमा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*